# त्रिपुर नगरपालिका दाङको
# वार्षिक समिक्षा गोष्ठीको निर्कष

**परिचय :**

वाह्य तथा आन्तरिक श्रोतबाट संचालन हुने सबै किसिमका कार्यक्रम तथा आयोजनाहरु सम्पन्न भएपछि आर्थिक वर्षको अन्तिममा सरोकारवालाहरुलाई जानकारी गराउने उदेश्यले वार्षिक समिक्षा गर्ने गरीन्छ । यसले नगरपालीकाको कार्यलाई स्पस्ट, पारदर्शी र व्यवस्थीत गर्ने अवसर प्रदान गर्छ । यो कार्य स्थानिय निकायहरुका लागि अनिवार्य सर्त हो । यसले स्थानिय निकायलाई थप व्यवस्थीत गर्नुका साथै कार्य सञ्चालनमा एक रुपता समेत ल्याउन सहयोग पुग्छ । यो कार्यले निर्माण व्यवसायी, उपभोक्ता समिति, गैसस, टोल विकास संस्था, सामुदायिक संस्थालाई थप जिम्मेवारी बोध गराउन सहयोग पुग्छ ।

स्थानीय स्वयत्त शासन ऐनले निर्दिष्ट गरेका नीति बमोजिम स्थानिय निकायमा रहेका नागरीक एवं उपभोक्ताहरुलाई स्थानिय निकायले गरेका गतिविधिहरुको विभिन्न प्रकृया र माध्यमवाट सरल र सहज रुपले यर्थाथ जानकारी गराउने नीति राज्यले अपनाएको छ । नागरीकहरुलाई स्थानिय निकायले गरेका कार्यक्रमको जानकारी गराउन विभिन्न उपाएहरु राज्यले अपनाउन सक्छ । त्यस मध्यको एक हो वार्षिक समिक्षा गोष्ठी । राज्यको सोही नीतिको अधिनमा रही त्रिपुर नगरपालिका नारायणपुर दाङले पनि २०७२/२०७३ को वार्षिक समिक्षा गरेको हो ।

**उदेश्य :**

- नगरपालीकाले संचालन गर्ने कार्यक्रम वा आयोजनाहरूको सरोकारवालालाई जानकारी गराउने पद्धतिको स्थापना गर्ने,
- नगरपालीकाले संचालन गर्ने कार्यक्रम वा आयोजनाहरू स्पष्ट, पारदर्शी तथा व्यवस्थित गर्न सहयोगी वन्ने ,
- नगरपालीकाले संचालन गर्ने कार्यक्रम वा आयोजनाहरूमा एकरुपता ल्याउने ।

**कार्यक्रम विवरण :**

त्रिपुर नगरपालीकाले मिति २०७३ श्रावण १५ गते नारायणपुर उद्योग वाणिज्य संघको हलमा विहान ११ वजे आर्थिक वर्ष २०७२/०७३ को वार्षिक समिक्षा कार्यक्रम सम्पन्न गरेको छ ।

कार्यकारी अधिकृत कमानसि थापामगरको अध्यक्षतामा सम्पन्न समिक्षा कार्यक्रममा वोल्ने वक्ताहरुले नगरपालिका समस्या भन्दा सम्भावना बढी भएता पनि क्षेत्रगत समन्वयको अभावले कार्य सम्पन्न गर्न कठिन भएको वताएका थिए ।

समिक्षा कार्यक्रममा कार्यकारी अधिकृत थापामगरले लक्षित वर्ग कार्यक्रम जम्मा १ सय ४६ वटा र भौतिक पुर्वाधार योजना तर्फ १ सय ५५ वटा सम्पन्न भएको र नगरपालिकाको वार्षिक वजेट ८ करोड ७२ लाख ८६ हजार ५ सय ५९ रुपैया ५७ पैसाको विवरण प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा वोल्दै कार्यकारी अधिकृत थापा मगरले त्रिपुर नगर क्षेत्रमा कार्य गर्ने विषयगत तथा गैर सरकारी कार्यालयले वार्षिक समिक्षा कार्यक्रममा पहिलो पटकमै आ आफ्नो कार्यक्रम राम्रो र उदाहरणीय रुपमा प्रस्तुत गर्नु भएको भन्दै धन्यवाद व्यक्त गर्नु भयो । साथै उहाँले विषयगत कार्यालय र गैर सरकारी कार्यालयले आफ्नो नीति तथा कार्यक्रम नगर परिषदमा पेश गरेर मात्र स्वीकृत भए वमोजिम नगरपालिका संग

समन्वयमा रहेर कार्य गर्नु पर्ने कुरामा जोड दिनु भयो । तर नगरपालीकाको वार्षिक समिक्षा जस्तो महत्वपुर्ण कार्यक्रमको मर्यादा नगरी कार्यत्रमको समापन नहुदै कार्यक्रम छोड्नु अनुत्तरदायी व्यवहार भएको वताउनु भयो । नगरपालीकाको नीति तथा कार्यक्रम सुन्न सम्म नचाहने जो कोही र विषयगत कार्यालयलाई नगरपालिकाले कुनै पनि किसिमको अनुदान दिन नसक्ने वताउनु भयो ।
समिक्षा कार्यक्रममा नेपाली काग्रेसका वासुदेव गौतम, एमालेका सुदन केसी, नेकपमा माओवादी केन्द्रका रमेश वली, राप्रपा नेपालका लिला वहादुर खत्री, राप्रपाका प्रेम वहादुर न्यौपाने, नेकपाका पशुपति चौधरी, थरुहट तराइ पार्टि नेपालका धनिराम चौधरी, सामाजिक लोकतान्त्रिक पार्टिका तिल वहादुर पुनले नगरको विकासका लागि आफुहरु संधै तत्पर भएको भन्दै विकास प्रेमी वन्न सवैलाई अनुरोध गर्नु भयो । कार्यक्रममा उद्योग वाणिज्य संघ नारायणपुरका अध्यक्ष गोपाल प्रसाद लम्साल, त्रिपुर नगरपालीका वडा नम्वर ८ वडा नागरीक मञ्च संयोजक सरस्वता गौतम, नागरीक सचेतना केन्द्रका प्रधानु चाधरी, सामुदायीक अध्ययन केन्द्रका राधा के.सी.,महिला समन्वय समितिका रुकमिणा न्यौपाने, दलित संजालका नक्षेत्र विक लगाएतकाले मन्तव्य व्यक्त गर्नु भएको थियो र सबै वक्ताहरु न्नारापलिकाको समिक्षा कार्यक्रम सोचेअनुरुप सफ भएको बताउनुभएको थियो । कार्यक्रम अधिकृत विपना वर्तौलाको स्वागत मन्तव्यवाट शुरु भएको कार्यक्रमको सहजिकरण कार्यक्रम संयोजक विवेक खड्काले गर्नु भएको थियो ।

**राम्रा पक्ष :**

- नगरपालीकाले गरेका वार्षिक गतिविधीको वारेमा सरोकारवालाहरुले जानकारी प्राप्त गरेको
- निर्माण व्यवसायी, उपभोक्ता समिति, गैसस, टोल विकास संस्था, सामुदायिक संस्थाहरुको कर्तव्य स्पस्ट भएको
- उत्तरदायि र काममा उत्प्रेरित बनाउन सहयोग पुगेको छ ।

**सुधार गर्नुपर्ने पक्ष :**

- समयको पालना हुनुपर्ने
- सरोकारवालाहरुलाई कार्यक्रमको अन्तिम सम्म सहभागी गराउने उत्प्रेरीत गर्नु पर्ने

**मिति २०७३/५/२०**